बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

मानभवन, ललितपुर, नेपाल

पत्र संख्याः ०८०/८१
च.नं.

## कृषि विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना

सूचना नं.-६/२०८०/८१
सूचना प्रकाशन मिति २०८०/०७/१७

कृषि ज्ञान केन्द्र, ललितपुरको चालु आ.व. २०८०/८१को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिल अनुसारका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले निर्धारित क्षेत्र भित्रका इच्छुक कृषक समुह/ कृषि सहकारी/ निजी कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकिशत भएको मितिले २१ दिन (मिति २०८०/०८/०७) भित्रमा कृषि ज्ञान केन्द्र, ललितपुरमा कार्यालय समय भित्र तोकिएको ढाँचा अनुसार आवेदन फारम तयार गरी आवश्यक कागजात सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल

| क्र. सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट रु लाखमा | कार्यक्रम संचालन हुने स्थान |
|---|---|---|---|---|---|
| १ | व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | ५० | ९८ | ललितपुर जिल्ला - सबै पालिकाहरु<br>काठमाण्डौ जिल्ला - शंखरापुर, कागेश्वरी मनोहरा, गोकर्णेश्वर, बुढानिलकण्ठ, टोखा, तारकेश्वर, नागार्जुन, चन्द्रागिरी, कीर्तिपुर र दक्षिणकाली नगरपालिका<br>भक्तपुर जिल्ला- सूर्यबिनायक, चाँगुनारायण नगरपालिका |
| २ | च्याउ खेती प्रवर्द्धन कार्यक्रम | संख्या | २५ | ९८ | ललितपुर जिल्ला- कोन्ज्योसोम, गोदावरी, महालक्ष्मी, ललितपुर म.न.पा.<br>काठमाण्डौ जिल्ला- चन्द्रागिरी, गोकर्णेश्वर, दक्षिणकाली, कीर्तिपुर, शंखरापुर, कागेश्वरी मनोहरा, बुढानिलकण्ठ, नागार्जुन नगरपालिका<br>भक्तपुर जिल्ला- मध्यपुरथिमी, चाँगुनारायण, सूर्यबिनायक नगरपालिका |
| ३ | पुष्प खेती प्रवर्द्धन कार्यक्रम | संख्या | १५ | ४४.१ | काठमाण्डौ जिल्ला - दक्षिणकाली, चन्द्रागिरी, कीर्तिपुर, नागार्जुन, कागेश्वरीमनोहरा, बुढानिलकण्ठ, काठमाण्डौ म.न.पा.<br>ललितपुर जिल्ला- गोदावरी, महालक्ष्मी, ललितपुर म.न.पा.<br>भक्तपुर जिल्ला- सूर्यबिनायक नगरपालिका |
| ४ | खाद्य प्रणाली रुपान्तरणका लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम | संख्या | ५० | ४९ | काठमाण्डौ, भक्तपुर र ललितपुर जिल्ला |

प्रमुख

फोन नं : ०१-५५३४५७३/६१६ ईमेल: akclalitpur@gmail.com वेबसाईट : lalitpur.akc.gov.np

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

मानभवन, ललितपुर, नेपाल

पत्र संख्याः ०८०/८१
च.नं.

यस कार्यक्रमको बारेमा थप जानकारीको लागि कार्यालयमा वा कार्यालयको वेभसाइट **lalitpur.akc.gov.np**, फेसबुक पेज **कृषि ज्ञान केन्द्र ललितपुर** वा कार्यालयको सम्पर्क नम्बर ०१-५४३४५७३, ०१-५४५६०३७ मा सम्पर्क गर्न सकिनेछ । साथै कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडाको वेभसाईट **www.molmac.bagamati.gov.np** बाट तोकिएको कार्यबिधि डाउनलोड गरि बिस्तृत जानकारी लिन सकिनेछ।

## १. व्यावसायिक तरकारी खेती, च्याउ खेती, पुष्प खेती प्रवर्द्धन कार्यक्रमको लागिः-

कार्यविधिः-कृषि विकास कार्यान्वयन कार्यबिधि, २०८०

<u>आवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरु</u>

१. अनुसूची-२ अनुसारको प्रस्ताव फारम तयार गरी निवेदन
२. कृषक समुह/ कृषि सहकारी/ निजी कृषि फर्महरुको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
३. PAN/VAT दर्ता प्रमाणपत्र र कर चुक्ताको प्रतिलिपी ।
४. कार्यक्रम संचालन हुने स्थान जग्गा जमिनको स्वामित्व भएको कागजात वा भाडामा लिएको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र ।
५. आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
६. कृषक समुह/ कृषि सहकारी भएमा कार्यसमिति बैठकको निर्णयको प्रतिलिपी ।
७. स्थानीय तहको सिफारिस ।
८. अन्य कुनैं निकायबाट अनुदान लिए/नलिएको स्वघोषणा पत्र ।

## २. खाद्य प्रणाली रुपान्तरणका लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रमको लागिः-

कार्यविधिः खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

<u>आवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरु</u>

१. अनुसूची-३ अनुसारको आवेदन ।
२. कृषक समुह/ कृषि सहकारी/ निजी कृषि फर्महरुको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
३. PAN/VAT दर्ता प्रमाणपत्र र कर चुक्ताको प्रतिलिपी ।
४. आर्थिक रुपले विपन्न तथा अल्पसंख्यक/सिमान्तकृत/दलित/पिछाडिएका जातीहरु खुल्ने परिचयपत्रको प्रतिलिपि वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/स्थानीय तह/वडाको सिफारिस ।
५. निवेदक पूर्ण वा आंशिक रुपमा कृषि पेशामा आवद्ध भएको भनी सम्बन्धित स्थानीय तहको सिफारिस।
६. ब्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
७. कृषक समुह/ कृषि सहकारी भएमा कार्यसमिति बैठकको निर्णयको प्रतिलिपी ।
८. अन्य कुनैं निकायबाट अनुदान लिए/नलिएको स्वघोषणा पत्र ।
९. कार्यक्रम संचालन हुने जग्गा जमिनको स्वामित्व भएको कागजात वा भाडाको सम्झौता पत्र ।

प्रमुख